# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०९।०९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

सरकारी साक्षीको रुपमा पेश गरिएका जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रामग्राम नगरपालिका वडा नं. १४ का लेखन्दास रबिन्द्र प्रसाद यादवले वादी नेपाल सरकार प्रतिवादी गोपाल डिस्वा मगरसमेत भएको घुस/रिसवत मुद्दामा विशेष अदालतमा बकपत्र गर्दा आयोगमा दिएको बयान व्यहोरा प्रतिकूल हुने गरी बकपत्र गरेको भन्नेसमेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज लेखन्दास रबिन्द्र प्रसाद यादवले सेवाग्राही र वडा अध्यक्ष गोपाल डिस्वा मगरबीच रकमको वार्गेनिङ गरी/गर्न लगाई दुवै पक्षलाई घुस/रिसवतवापतको रकम रू.२,००,०००/- लेनदेन गर्न दुरुत्साहन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (४) को कसुर अपराध गरेको देखिए तापनि निज लेखन्दास रबिन्द्र प्रसाद यादवले बयानको क्रममा सेवाग्राही र गोपाल डिस्वा मगरबीच रकमको बार्गेनिङ भई घुस/रिसवतवापत रू.२,००,०००/- लेनदेन गर्ने भन्ने दुवैबीच सहमति भएको तथ्य खुलाई अनुसन्धानको काम कारवाहीमा सहयोग गरेको हुँदा निजसमेत उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायको मागदावीमा पूर्ण छुट दिई सरकारी साक्षीको रुपमा प्रस्तुत गर्ने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७६/०९/२७ मा निर्णय भई सोहीअनुसार निज रबिन्द्र प्रसाद यादवउपर मुद्दा नचलाई सरकारी साक्षीको रूपमा प्रस्तुत गरिएकोमा निज रबिन्द्र प्रसाद यादवले सम्मानित विशेष अदालतमा बकपत्र गर्दा झुठ्ठा एवं कपोलकल्पित व्यहोरा लेखाई अनुसन्धानका क्रममा गरेको सहयोग प्रतिकुल हुने गरी बकपत्र गरेको देखिएबाट निज रबिन्द्र प्रसाद यादवउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को प्रतिवन्धात्मक वाक्यांशको प्रावधानबमोजिम पुनःमुद्दा दायर गर्नुपर्ने देखिएको हुँदा आरोपित गोपाल डिस्वा मगर र निबेदकबीच निबेदकको नाता प्रमाणित, घरगोठ बाटो प्रमाणित र सेवाटहल तथा औषधि उपचारको सिफारिस उपलव्ध गराउने प्रयोजनका लागि रकमको बार्गेनिङ गरी/गर्न लागाई दुवै पक्षलाई घुस/रिसवतवापतको रकम रू.२,००,०००/- लेनदेन गर्न दुरूत्साहन गरेकोले निज रबिन्द्र प्रसाद यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (४) को कसुर अपराध गरेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को प्रतिवन्धात्मक वाक्यांशको प्रावधानबमोजिम बिगो रू.२,००,०००/- (दुई लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (४) मा उल्लेख भएबमोजिम निज रबिन्द्र प्रसाद यादव राष्ट्रसेवकभन्दा वाहेक अन्य व्यक्ति भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम हुने सजायको आधा सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी